## अध्यादेशका कारण...

जसमा प्रधानमन्त्री केपी शर्मा ओलीले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' पेस गर्नेछन् । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश,२०८१', 'निजीकरण (पहिलो संशोधन) अध्यादेश,२०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' पेस गर्नेछन् ।

त्यस्तै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' र 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' पेस गर्नेछन् । संविधानको धारा ११४ (१) मा संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामाबाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने प्रावधान छ । धारा ११४ (२) मा उपधारा (१) बमोजिम जारी भएको अध्यादेशले ऐनसरह मान्यता पाउँछन् ।

तर, त्यस्ता अध्यादेशहरू जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गर्नुपर्ने र दुवै सदनले स्वीकार नगरे स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था छ । संविधानअनुसार सरकारको सिफारिसमा राष्ट्रपतिले जारी गरेको अध्यादेश दुवै सदनबाट अस्वीकृत भएर निष्क्रिय नभएमा र राष्ट्रपतिले खारेज नगरेको अवस्थामा दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वतः निष्क्रिय हुन्छ । सरकार स्वभाविक रूपमा अध्यादेश पारित गर्ने तयारीमा छ भने प्रतिपक्षी दल भने अध्यादेशलाई पारित हुन नदिने रणनीतिमा छन् । सरकारले ल्याएको अध्यादेश प्रतिनिधिसभामा पास भए पनि राष्ट्रिय सभामा सजिलै पास हुने अवस्था छैन ।

## फर्किएर हेर्दा बजेट अधिवेशन !

यसअघिको बजेट अधिवेशन १३० दिनका लागि चलेको थियो । २८ वैशाख, २०८१ देखि सुरु भएको अधिवेशन ३१ भदौमा समाप्त भएको थियो । बजेट अधिवेशनको अवधि १३० दिन भए पनि प्रतिनिधिसभा बैठक भने जम्मा ५३ दिन मात्र बसेको थियो र त्यस अवधिमा ५६ वटा बैठक भएका थिए । मुख्य गरी बजेटसँग जोडिएको उक्त अधिवेशनमा बजेटबाहेक संक्रमणकालीन न्यायसम्बन्धी 'बेपत्ता छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन विधेयक' पनि पारित भएको थियो । जसलाई निकै ठुलो उपलब्धिको रूपमा पनि हेरिएको थियो । किनकी उक्त अधिवेशनले करिब १८ वर्षसम्म अड्किएर बसेको संक्रमणकालीन न्यायसम्बन्धी टिआरसी विधेयक पारित गरेको थियो ।

यी लगायत यस अवधिमा लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, नेपाल विश्वविद्यालय, सार्वजनिक सेवा प्रसारण, अभिलेख संरक्षण संशोधन, खाद्य स्वच्छता तथा गुणस्तरलगायतका विधेयक पारित भएका थिए भने संसद्मा संघीयता कार्यान्वयनसँग जोडिएका संघीय निजामती, विद्यालय शिक्षा, प्रहरी समायोजनजस्ता महत्वपूर्ण विधेयक पारित गर्ने भनिए पनि विचाराधीनमै रह्यो । साथै, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा बनेको संसदीय छानबिन विशेष समितिले तयार पारेको प्रतिवेदन पनि पेस भएको त्यस अधिवेशन विशेष गरी सरकार बनाउने र ढाल्ने खेलमा बढी केन्द्रित भएको थियो । यस अवधिमा देशको प्रधानमन्त्री नै परिवर्तन भएर प्रचण्ड नेतृत्बाट ओलीमा सत्ता हस्तान्तरण भएको थियो ।

## अध्यादेशविरुद्ध एकजुट...

'सरकारले सदन बोलाउने बेलामा नै जसरी अध्यादेश ल्याएको छ, यो प्रक्रियाका हिसाबले पनि गलत छ', पाण्डेले भने, 'संसद्को अर्थ समितिमै छलफल भएको विधेयकलाई पनि मिनिमाइज गरेर अध्यादेश ल्याएको छ । यसमा सबै विपक्षी दलहरूले गलत भयो भन्ने निष्कर्ष निकालेका छौँ । हामीले सरकारले ल्याएको अध्यादेश अस्वीकार गर्ने निर्णय गरेका छौँ ।' सरकारले नागरिकलाई चाँडो र सहज रूपमा सेवा दिनका लागि अध्यादेश ल्याएको बताइरहँदा विपक्षीहरूले भने छिटोभन्दा छिटो डेलिभरी दिने नाममा अध्यादेशबाट शासन चलाउन खोजेको आरोप लगाएका छन् ।

प्रमुख प्रतिपक्षी दलको हैसियतमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राखेको बैठकमा सबैले साझा धारणा बनाउँदै सरकारले विधि र प्रक्रियाभन्दा बाहिर गएर अध्यादेश ल्याएकाले अस्वीकार गर्ने निर्णय गरेका थिए । साथै, माओवादीले त अध्यादेश अस्वीकारको सूचना दर्ता गर्ने निर्णयसमेत गरेको छ । प्रमुख सचेतक पाण्डेका अनुसार बिहीबार नै बसेको पार्टी संसदीय दलको बैठकले उक्त निर्णय गरेको हो । 'हामीले अध्यादेश अस्वीकार गर्ने सूचना दिनेछौँ । नियमावलीअनुसार सूचना दर्ता गर्नेछौँ', पाण्डेले भने ।

## समाजवादीले सदनदेखि सडकसम्म विरोध गर्ने

उता, नेकपा एकीकृत समाजवादीले अध्यादेशको विरुद्ध सदनदेखि सडकसम्म विरोध गर्ने भएको छ । बिहीबार बसेको नेकपा एसको सचिवालय बैठकले सरकारले हालै ल्याएका ६ वटा अध्यादेशको विरोध गर्ने निर्णय गरेको हो । 'सरकारले ल्याएको अध्यादेशमा कालोबजार ऐनलाई तोडमोडल गर्‍यो । २० प्रतिशतभन्दा बढी नाफा खान नपाउने ऐन खारेज गर्नेबित्तिकै बजारमा सिमेन्टको मूल्य उच्च रूपमा बढेको छ', उपमहासचिव रामकुमार भट्टराईले भने, 'मुठिभर व्यक्ति र व्यवसायीहरूको लागि सरकार लागिपरेको हुनाले त्यसको विरुद्धमा जानुपर्छ भनेर पार्टी लागेको छ ।'

सरकारले ल्याएको अध्यादेशको सदन र सडक दुवैबाट विरोध गर्ने बताउँदै भट्टराईले सरकारले संरक्षित क्षेत्रका जमिनसमेत सरकारको नाममा ल्याएर व्यक्ति, समूह र उद्योगलाई दिने र गिरीबन्धुजस्ता जग्गालाई वैध बनाउने काम गर्न खोजेकोले विरोध गर्नु परेको उल्लेख गरे ।

यसरी हेर्दा प्रतिनिधिसभाको हिउँदे अधिवेशनमा प्रतिपक्षी दलहरू सरकारले ल्याएको अध्यादेशविरुद्ध केन्द्रित हुने र सत्तापक्ष भने जसरी पनि अध्यादेश पारित गर्नेमा लाग्दा यसले संसद्मा टकराव हुने देखिन्छ । सत्ता पक्षका कांग्रेस र एमालेले अध्यादेशको पक्षमा बोल्न निर्देशन गरिसकेका छन् भने प्रतिपक्षी भने अध्यादेशको विपक्षमा खरो उत्रने तयारीमा छन् । यस्तो अवस्थामा संसद् बैठक कसरी सञ्चालन होला र सभामुखले कसरी यसको व्यवस्थापन गर्लान् भन्ने मुख्य चासोको विषय छ ।

## मधेस केन्द्रित...

कार्यदलले शुक्रबारदेखि नै काम थालेर संयुक्त मोर्चाको अवधारणालाई अन्तिम रूप दिने जसपा नेपालका नेता सुमनले बताए । मोर्चा हुँदै सबैदलबीच सहमति गरेर एउटै पार्टी बनाउने उद्देश्य रहेको ती दलका नेताहरूको दाबी छ । सुमनका अनुसार बिहीबारको बैठकमा सरकारले ल्याएका विभिन्न अध्यादेशबारे समेत छलफल भएको छ । भूमिसम्बन्धी अध्यादेशमा आफूहरूको धेरै चासो रहेको उनले बताए ।

## चालक दलसहित...

स्थानीय समयअनुसार राति ९ बजे रेगन वासिंगटन नेसनल एयरपोर्ट नजिकै यो दुर्घटना भएको हो । विमानले रेगन नेसनल एयरपोर्टबाट उडान भरेको थियो । जाडोले कठ्यांग्रिएपछि अमेरिकी फिगर स्केटिङ संघले उद्धारका लागि मानिस खटाएको छ । प्रकाश, हुरी र चिसोको कारण खोजी कार्य कठिन भएको जनाइएको छ । दुर्घटना हुँदा त्यहाँको तापक्रम ७ डिग्री सेल्सियस थियो भने घटेर माइनस १ डिग्री सेल्सियससम्म पुगेको थियो । त्यस नदीमा ३२ देखि ४८ किलोमिटर प्रतिघन्टाको दरले हुरी चलेको थियो ।

सो विमानमा अमेरिकी मात्र नभएर विदेशी पनि थिए । दुर्घटनाग्रस्त विमानमा रुसका २ फिगर स्केटिङ खेलाडीहरु पनि रहेको जनाइएको छ । साथमा केही प्रशिक्षक पनि थिए । अमेरिकी इतिहासमा १६ वर्षको अन्तरालमा भएको यो सबैभन्दा ठुलो दुर्घटना भएको बताइएको छ । यसभन्दा अघि सन् २००९ मा यात्रुवाहक विमान दुर्घटनामा परेको थियो । सो समयमा ४९ जनाको ज्यान गएको थियो ।


**श्री शिबशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**धनगढी उप महानगरपालिका वार्ड नं.११ बेला, कैलाली**
**काठ लिलाम बिक्री सम्बन्धी सूचना**
**सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति : २०८१।१०।१८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्नु पर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात, साल, अस्ना, हल्दु, जामुन र अन्य जात गरी २९७ थानको ३४३१।६४ क्युफि काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री शिबशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**धनगढी उप महानगरपालिका वाडं नं.११ बेला, कैलाली**



# Gauradaha Municipality
## Office of the Municipal Executive
**Gauradaha, Jhapa**
**Koshi Province, Nepal**

## Invitation for Electronic Bids & Quotations

**First Date of publication: 31st January 2025 (18th Magh 2081)**

1. The Gauradaha Municipality invites electronic bids/sealed quotations for all the Nepalese eligible bidders for the following construction/goods under NCB/sealed quotations Bidding procedures:-

| Contract No. | Description of Works | Minimum bid security amount | Estimated Amount (with VAT and PS.) | Bid documents fee | Bid submission / open Date | Procurement type/ method/ bid validity |
|---|---|---|---|---|---|---|
| GMO/W/SQ/R/01/081-082 | CONSTRUCTION OF ROAD,CHAINAGE :DUDHALI MAHARAJTHAN SOUTH-TEDU KAMAT SADAK GRAVEL; JHALAK BHUJEL HOUSE-RAMCHANDRE KHOLA ROAD EARTH FILLING AND GRAVEL WORKS; GANGA SIWAKOTI WEST ROAD GRAVEL AND GAURIYA AA.BI. EAST-BHIM UPRETI HOUSE WEST ROAD (W7PACKAGE-1) | Nrs.49,000 | Nrs.1,946,065.21 | Nrs.1000 | 12:00 hrs of 16th February 2025 (04 th Falgun 2081); 14:00 hrs of 16th February 2025 (04 th Falgun 2081); | Works/sealed quotation /Bid validity period 45 days/ Bid bond should be valid 30 days beyond bid validity. |
| GMO/W/SQ/R/02/081-082 | CONSTRUCTION OF ROAD, CHAINAGE-:KISHNE KHOLA-DUMPING REMAINING ROAD GRAVEL;PRAHARI CHAUKI NORTH ROAD AND KANCHANJUNGA SCHOOL NORTH-NAYA BAJAR ROAD (W7PACAKGE-2) | Nrs.50,000 | Nrs.1,998,195.67 | Nrs.1000 | | |
| GMO/W/SQ/BR/03/081-082 | CONSTRUCTION OF SHREE PRABI ADDITIONAL FLOOR BUILDING AND ROAD ,CHAINAGE :- NAYA BAJAR MAASU PASAL ROAD GRAVEL (W7PACKAGE-3) | Nrs.43,000 | Nrs.1,696,332.20 | Nrs.1000 | | |
| GMO/W/SQ/R/04/081-082 | CONSTRUCTION OF ROAD ,CHAINAGE:- MOHAN RAJBANSHI HOUSE EAST -MOHAN GHIMIRE HOUSE ROAD UPGRADATION AND RAMESH ADHIKARI-MAN BAHADUR BUDHATHOKI HOUSE ROAD UPGRADATION AND CHANDRA TAMANG HOUSE-LEHERA CULVERT ROAD (W8PACKAGE-1) | Nrs.42,000 | Nrs.16,76,535.39 | Nrs.1000 | | |
| GMO/W/SQ/R/05/081-082 | CONSTRUCTION OF DAMABARI ROAD SECTION UPGRADATION /KALI MANDIR WEST GRAVEL / WARD OFFICE EAST-KRISHI OFFICE SOUTH ROAD GRAVEL(W8PACAKAGE-2) | Nrs.45,000 | Nrs.17,92,347.03 | Nrs.1000 | | |
| GMO/W/SQ/TB/06/081-082 | CONSTRUCTION OF GAURIYA KHOLA TRUSS BRIDGE, EAST OF PATHIBHARA MANDIR,GAURADAHA WARD NO:04,JHAPA | Nrs.50,000 | Nrs.1,999,468.19 | Nrs.1000 | | |
| GMO/W/NCB/AGRO/01/081-082 | SUPPLY AND FITTING OF MOTOR BORING UNDER PROGRAM VIZ. SHALLOW TUBE WELL AND MOTOR FITTING, SMALL IRRIGATION WORKS,GAURADAHA,JHAPA | Nrs.1,20,000 | Nrs.44,54,774.69 | Nrs.3000 | 12:00 hrs of 2nd March 2025 (18th Falgun 2081);14:00 hrs of 2nd March 2025 (18th Falgun 2081) | Works/NCB / Bid validity period 90days/ Bid bond should be valid 30 days beyond bid validity. |
| GMO/SQ/G/04/081-082 | SUPPLY OF ESSENTIAL CHEMICALS -I | Nrs.20,000 | N/A | Nrs.1000 | 12:00 hrs of 16th February 2025 (04 th Falgun 2081); 14:00 hrs of 16th February 2025 (04 th Falgun 2081); | Goods/sealed quotation /Bid validity period 45 days/ Bid bond should be valid 30 days beyond bid validity. |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gauradaha Municipality, Technical Section, Jhapa, Telephone No: 023-597006/9842147978 within office hours. The bidders may visit the E-Procurement Section of PPMO's Web Site http://www.bolpatra.gov.np/epg.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER.**